# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, कार्तिक २४ गते २०२१ साल [ अतिरिक्ताङ्क १७ (क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको सरकारी मुद्दासम्बन्धी (दोश्रो संशोधन ) नियमावली, २०२१ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### सरकारी मुद्दासम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०२१

सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न आवश्यक भएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>– (१) यी नियमहरूको नाम "सरकारी मुद्दासम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>मूल नियमावलीको नियम १२ मा संशोधन</u> :– मूल नियमावलीको नियम १२ को उप–नियम (३) को सट्टा निम्नलिखित उप–नियम (३) राखिएको छ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६९

(३) उप-नियम (२) बमोजिम तोकिएको समयको ख्याल राखी सोबमोजिम फौज्दारी मुद्दा दायर गर्न यथासम्भव अघिल्लै दिन सबै प्रबन्ध मिलाई भोलिपल्ट पब्लिक प्रसिक्यूटरले सम्बन्धित पुलिस कर्मचारीका साथ अभियुक्त भए निजलाई समेत लिई अदालतमा उपस्थित भई पुलिस रिपोर्टसहितको नक्कल केस फाइल दाखिल गरी मुद्दा दायर गर्नुपर्छ। सो केस फाइलको नक्कल प्रति पब्लिक प्रसिक्यूटरले आफूसंग राखिछाड्नुपर्छ सो प्रतिलिपि केस फाइलमा मुद्दा दायर भएपछि अदालतमा उठेको आवश्यक कागजातको नक्कल अदालतबाटै सार्नलगाई पूरा गरी राख्नुपर्छ। त्यसको लागि अनुरोध गरिएका अदालतले अदालतको तर्फबाट सारी नक्कलदस्तूर नलिई दिनुपर्छ।

तर असिष्टेण्ट पब्लिक प्रसिक्यूटरमा पदेन नियुक्त सरकारी कर्मचारी अदालतमा मुद्दा दायर गर्दा स्वयम् उपस्थित हुनुपर्ने छैन र त्यस्तो कर्मचारी अरू अड्डाका भए चलानीपत्रसाथ अदालतमा मुद्दा पठाउन सकिने छ।

आज्ञाले–
विनोदप्रसाद घिताल,
श्री ५ को सरकारको सह–सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।